सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

*"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"*

## आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

**(५ आषाढ २०८२)**

**सिद्धलेक गाउँपालिकाको गाउँ सभाको १७ औ अधिवेशनमा उपस्थित सिद्धलेक गाउँपालिकाको**
**उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**वडा अध्यक्ष ज्यूहरु,**
**विषयगत शाखा प्रमुख ज्यूहरु,**
**गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु,**
**गाउँ सभाका सदस्य ज्यूहरु,**
**राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु,**
**गाउँपालिकाका सम्पूर्ण कर्मचारी एवं सुरक्षाकर्मी मित्रहरु,**
**संचारकर्मी मित्रहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु ।**

सहकारीता, सहअस्तित्व र समन्वयको सिद्दान्तमा आधारित संघीयताको माध्यमबाट जनमुखि शासन संचालन गरी आमनागरिकलाई सुशासन, विकास र सेवा प्रवाहको सुनिश्चितता गरी आर्थिक सम्वृद्धि हासिल गर्ने नेपालको संविधानको ध्येय बमोजिम स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई राष्ट्रिय आकाङ्क्षाको पथमा ***"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"*** भन्ने मुल नाराका साथ सिद्धलेक गाउँपालिकाको आ.व २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु । यस महत्वपूर्ण घडिमा नेपालको राष्ट्रियता, अखण्डता , स्वाधीनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा वीर पुर्खा, अमर शहिद तथा अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दै आर्थिक सामाजिक रुपान्तरणमा वहाँहरुले पुर्याउनुभएको योगदानको स्मरण गर्न चाहन्छु ।

१ नेपालको संविधान जारी भए पश्चात भएको स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भएको पनि तिन वर्ष पूरा भइसकेको छ । यस अवधिमा कार्य अनुभवको अभाव, दक्ष कर्मचारीको अपर्याप्तता, भौगोलिक अवस्था, स्रोत साधनको कमी लगायत अन्य विविध प्रतिकुलताको बावजुद पनि विकास र सेवा प्रवाहलाई तिव्रता दिई आम सिद्धलेकवासीको आकाङ्क्षा पूरा गर्न भरमग्दुर प्रयास गरिएको व्यहोरा सम्मानित सभामा जानकारी गराउँछु ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

गाउँपालिकाभित्र तत्कालिन आवधिक, मध्यमकालिन र दिर्घकालिन योजनाहरुको पहिचान, प्राथमिकिकरण, छनौट, व्यवहारिक कार्यान्वयन र तिनिहरुको प्रभावकारी मूल्याङ्कन जस्ता क्रियाकलापहरुलाई तथ्यपरक एवं मापदण्डमा आधारित बनाउँदै चालु आ. व. मा भएका कार्यहरुको समीक्षा प्रस्तुत गर्न चाहन्छुः-

Scanned with CamScanner

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

परशुराम खतिवडा
गा.पा अध्यक्ष

***"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"***

१. निर्वाचित भएको समयदेखि नै भौतिक पूर्वाधार विकासतर्फ विशेषगरी सडक निर्माण तथा स्तरोन्नतीमा ध्यान दिईएको र सो बमोजिमको नतिजा पनि हासिल भएको यहाँहरु सबैले महशुस गर्नुभएकै छ। संघीय समपुरक तर्फ **बुङचुङ आरुवास भेडावारी मैदान कमलावारी सडक**, प्रदेश समपुरक तर्फ **पिपलटार भाल्डाँडा कृषि सडक** पिचको कार्य सम्पन्न भएको छ साथै प्रदेश समपुरक तर्फकै **बसन्त धवाडी बेनीदोभान मरनघाट सडकको** स्तरोन्नती कार्य सम्पन्न भएको छ। चालू आर्थिक वर्षमा ४ किलोमिटर ५०० मिटर सडक पिच र २ किलोमिटर ३१ मिटर सडक ढलान भएको छ। समिटार हटिया सडक, हात्तीसूँडा शेराबैंसी सडक, लामोघर बलमडाँडा बलदेवी स्थान हुँदै ठाँटी सडक, कुम्पुर भञ्ज्याङ हुल्ली भैंसे सडक, ईटपानी कमलाबारी जन्तेढुङ्गा सडक लगायतमा सडक स्तरोन्नती कार्य सम्पन्न भएको छ। चालू आर्थिक वर्षमा ३ किलोमिटर सडक ग्राभेल सम्पन्न भएको छ। त्यसैगरी, ३९ किलोमिटर सडक स्तरोन्नती गरिएको र १३ किलोमिटर २१०० मिटर नयाँ सडक निर्माण भएको छ। २ किलोमिटर ४७३ मिटर सिँढी बाटो र १ किलोमिटर १०७ मिटर गोरेटो बाटो निर्माण भएको छ।

२. जनताको आधारभूत आवश्यकता भित्र पर्ने स्वच्छ खानेपानी आपूर्ति गाउँपालिकाको प्रमुख दायित्व भएकोले एक घर एक धारा अभियान संचालन गरिएको छ। चामडाँडा भाल्डाडा बडरे खानेपानी योजना, बुङ्चुङ वृहत खानेपानी योजना लगायत अन्य खानेपानी योजनाको कार्यान्वयन गरी ५७० घर/परिवारमा खानेपानी सेवा विस्तार गरिएको छ। उक्त अभियानमा छुटेका सम्पूर्ण सिद्धलेकवासीहरुमा यसै आर्थिक वर्षमा खानेपानीको पहुँच उपलब्ध गराइनेछ।

३. चालु आ व मा १ हजार ५ सय १ मिटर सिँचाइ कुलो निर्माण सम्पन्न भएको छ। ११ नयाँ सामुदायिक भवन तथा १८ मन्दिर निर्माण तथा स्तरोन्नती गरिएको छ। ७ वटा चौतारो निर्माण सम्पन्न भएको छ।

४. प्रन्ध्र शैया अस्पताल निर्माणकार्य सूरु भएको छ। हालसम्म भौतिक प्रगति ३९ प्रतिशत र २८ प्रतिशत वित्तिय प्रगति भएको छ।

५. सिद्धलेक गाउँपालिकाभित्र कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुलाई निःशुल्क पठनपाठनको व्यवस्थालाई निरन्तरता गरिएको छ। यसबाट ४६३ विद्यार्थी प्रत्यक्ष लाभान्वित भएका छन्

६. शैक्षिक सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रम अन्तर्गत ३ वटा विद्यालयहरुमा अध्ययनरत ६०० भन्दा धेरै विद्यार्थीहरु लाभान्वित भएका छन।

७. विद्यालयहरुमा शिक्षकहरुलाई ३ दिने आइसिटी IEMIS तालिम र शिक्षक विद्यार्थीहरुका लागि आधुनिक प्रविधिको प्रयोग र गुणस्तरीय शिक्षाका लागि रमाइलो कक्षा गुणस्तरीय शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ।

८. वडा न. २,६ र ७ का १७०६ कृषक घर धुरीको कृषि तथ्यांक संकलन गरिएको, साथै पालिका भित्र कृषि र गृहिणी महिला सशक्तीकरण कार्यक्रम अन्तर्गत जम्मा ७४ वटा प्लास्टिक घर निर्माण भएको, सात वटै वडाहरुमा कम उर्वरा शक्ति भएका माटोको उपचार प्रविधी सम्बन्धी कृषक स्तरमा सैदान्तिक र प्रयोगात्मक

परशुराम खतिवडा
गा.पा अध्यक्ष

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ

Scanned with CamScanner

**"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"**

तालिम संचालन, कृषि तथा पशुपंक्षी बिमा सम्बन्धी २२७ जना कृषकलाई अभिमुखीकरण तालिम संचालन गरिएको छ ।

९. मकैमा फौजी किरा व्यवस्थापनका लागि २६८० भन्दा बढी जनालाई विषादी वितरण साथै रासायनिक विषादी न्यूनीकरणका लागी जैविक/निम जन्य विषादी सहयोग गरि बालीहरुमा लाग्ने रोग र किराहरुको लक्षण, पहिचान र रोकथाम सम्बन्धी कृषकहाते पुस्तिका प्रकाशन गरी कृषकस्तरमा वितरण गरिदै आएको

१०.सात वटै वडाका वस्तीहरुमा कन्य च्याउको खेति, खरबुजा/तरबुजाको खतिको सुरुवात गरी आवश्यक विउ/बिजन/सामग्री सहयोग गरिएको साथै पुष्प विकास केन्द्रबाट कार्यक्रम माग गरी उन्नत जातको जापनिज हलुवावेदको ७५ वटा कलमी बिरुवा वितरण गरिएको, पालिका भित्रका १३ वटै सामुदायिक मा.वि. विद्यालयहरुमा गोला सहितको मौरीको घार, हजारी र विभिन्न १४ थरीका तरकारीका विउ वितरण गरी विद्यालय करेसाबारी स्थापनाका लागि लागिएको छ ।

११. कृषकस्तरीय पशुपालन तालिम कार्यक्रम मार्फत जम्मा १२१ जना किसानलाई पशुपालन सम्बन्धी तालिम प्रदान गरिएको साथै घाँस खेती कार्यक्रम मार्फत २ वटा घाँसको नर्सरी स्थापना गरि आवश्यक पर्ने किसानलाई घाँसको बेर्ना उपलब्ध गराउने प्रबंन्ध मिलाईएको छ ।

१२.बाख्रा पकेट कार्यक्रम मार्फत बाख्रा पकेट क्षेत्र वडा नं ५,६ र ७ मा बाख्राको नश्ल सुधारको लागी ७५% भन्दा माथीका १७ वटा ब्याड बोका तथा ७ वटा माउ बाख्रा ५०% लागत साझेदारीमा किसानलाई वितरण गरिएको। साथै साझेदारीमा ६ वटा आधुनिक बाख्राको खोर निर्माण गरिएको।

१३.उत्पादनमा आधारित दुधमा प्रोत्साहन कार्यक्रम मार्फत ५२० जना किसानलाई ३९८४५१.१ लि. दुधमा प्रति लिटर रु ३.२२ का दरले जम्मा १२८३०१२.५४ रुपैया प्रोत्साहन अनुदान उपलब्ध गरिएको, पाडापाडी प्रवर्धन कार्यक्रम मार्फत ९ वटा फर्मलाई गोठ निर्माण/सुधारको लागी अनुदान उपलब्ध गराईएको।

१४.अध्यक्षसँग जेष्ठ नागरिक कार्यक्रम मार्फत स्वास्थ्यकर्मीहरु सिद्धलेकवासी आम नागरिकहरुको घरदैलोमा उपस्थित भई जेष्ठ नागरिक तथा दीर्घरोगीहरुको स्वास्थ्य जाँच गरी आवश्यक औषधि वितरण गरियो । यसबाट २८९१ लक्षित नागरिकहरु प्रत्यक्षरुपमा लाभान्वित भएका छन् ।

१५.उपाध्यक्षसँग सुत्केरी पोषण कार्यक्रम मार्फत गाउँपालिकाको स्वास्थ्य चौकीमा सुत्केरी भएका ४७ जना सुत्केरी आमाहरुलाई पोषणयुक्त खाद्धान्नको लागि नगदै रु ५००० वितरण गरिएको छ । यसबाट विपन्न नागरिकहरुलाई सुत्केरी स्याहारको लागि आवश्यक रकमको जोहो गर्न सहयोग पुगेको विश्वास लिएको छु ।

१६.स्वास्थ्य चौकीहरुमा सुत्केरी हुन नसकेका २७ जना सुत्केरी महिलाहरुलाई अस्पतालमा लैजाँदा लागेको एम्बुलेन्स खर्च गाउँपालिकाले उपलब्ध गराएको छ ।

१७.वडा नं २,५ र ७ मा सञ्चालन भएको विशेषज्ञ सहितको विशिष्टकृत स्वास्थ्य शिविरबाट ८३० जना लाभान्वित भएका छन् ।

परशुराम खतिवडा
गा.पा अध्यक्ष

Scanned with CamScanner

सिद्धलेक गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

परशुराम खतिवडा
गा.पा अध्यक्ष

***"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"***

१८.विद्यालयका १०३५ जना किशोरीहरुलाई H.P.V. खोप,२५२० जना किशोरीहरुलाई आईरन चक्की, २२३० जनालाई कोभिड खोप, परिवार योजना स्वस्थ्य शिविरबाट १० जना स्थायी बन्ध्याकरण सेवा र ७० जना महिला भिडियो एक्स रे सेवा लाभान्वित भएका छन् ।

१९.गाउँपालिका मातहतका स्वास्थ्य संस्थाहरुबाट ९६४६ जना महिला र ६६४६ जना पुरुष जम्मा १६२९२ जना बिरामीहरुलाई निशुल्क औषधी सहितको स्वास्थ्य सेवा प्रदान गरियो । ४७५ जनाले नसर्ने रोगको उपचार सेवा प्राप्त गरे । साथै गाउँघर किल्निक खोप किल्निक साथै स्वयम्सेविकाहरुले घरदेलोमा गई ७५०० जनालाई स्वास्थ्य उपचार सेवा दिईयो ।

२०.न्यायिक समित आ.ब.२०८१/०८२ मा विवाद दर्ता संख्या -१३ वटा, विवाद फर्छयौट संख्या -१० वटा भएको छासाथै विभिन्न कानूनी समस्या लिएर आएका २५ जना सेवाग्राहीहरुलाई न्यायिक सहजिकरण गरिएको ।

२१.गाउँपालिकाका ७ वटै वडाका दलित, अल्पसंख्यक, सिमान्तकृ तथा एकल व्यक्ति १४३ जनालाई कानूनी सचेतना कार्यक्रम सञ्चालन गरीएको र जिल्ला अदालत धादिङका माननिय जिल्ला न्याधिशबाट न्यायिक समितिको काम करवाहीको अनुगमन तथा निरिक्षण गरिएको ।

२२.सिद्धलेक गाउँपालिका वडा नंम्बर १ मा वडा अभिमुखीकरण,सहभागीतात्मक ग्रमीण लेखाजोख तथा उद्यमशिलता विकास तालिम सञ्चालन गरी १५ जना सहभागीहरुलाई डलकुशन तालिम, वडा नंम्बर १ मा साझा सुविधा केन्द्र स्थापना भवन निमार्ण प्रकृया सुरु भएको छ ।

२३. गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत सिद्धलेक गाउँपालिका वडा नंम्बर ५,६ र ७ मा वडा स्तरिय अभिमुखीकरण कार्यक्रम भयो ।साथै वडा नंम्बर ७ मा उद्यमशिलता विकास तथा सामुहिक अधुवा वेशार खेति तालिम,वडा नंम्बर ६ मा उद्यमशिलता विकास तथा बाटेको धुप, तरकारी खेति र टनेल निर्माण सम्पन्न गरियो ।

२४. गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुमा कम्प्युटर प्रिन्टर व्यवस्थापन गरिएको साथै वडा कार्यालयहरुमा ईलोक्ट्रोनिक व्याकअपको व्यवस्था गरिएको साथै निःशुल्क इन्टरनेटको व्यवस्था गरिएको छ ।

२५.कार्यालयको सुरक्षा तथा अनियमित गतिविधि नियन्त्रणको लागि गाउँपालिका कार्यालय र वडा कार्यालयहरुमा सिसिटिभी जडान कार्य अघिल्लो आ व मा सम्पन्न भएको छ साथै यस आ व मा राजमार्ग क्षेत्रमा सुरक्षा तथा अनियमित गतिविधि नियन्त्रणको लागि सि. सि. क्यामेरा जडान गरिएको छ ।

२६.वडा कार्यालयबाट हुने सेवा प्रवाहमा पञ्जिकरण तथा राजस्व संकलन गर्न क्रमश: पञ्जिकरण तथा सूत्र सफ्टवेयर प्रयोगलाई निरन्तरता दिनुका साथै चालु आ. व. बाट अनलाईन नागरिकता सिफारिस सेवा सूरु भईसकेको छ ।

सिद्धलेक गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

परशुराम खतिवडा
गा.पा अध्यक्ष

Scanned with CamScanner

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल
परशुराम खतिवडा
गा.पा अध्यक्ष

"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"

**आदरणीय सभा सदस्य ज्यूहरु,**

संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्वान्त तथा नीतिहरु, संघीय एवं प्रादेशिक नीति, दिगो विकास लक्ष्य, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, विषयगत समितिहरुको राय, आम गाउँपालिकावासीहरुको सुझावलाई आधार मानी उनीहरुको सर्वोत्तम हीत प्रवर्धन गर्ने, प्रशासनलाई विकासमैत्री वनाउने, सेवा प्रावह र सुशासन प्रवर्धन गर्ने र फजुल खर्च कटौती गर्ने जस्ता मान्यताबाट निर्देशित भई प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा यस गरीमामय सभालाई जानकारी गराउन चाहन्छु ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**
अव म विषयगत क्षेत्र अनुसारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नेछु ।
**आदरणीय सभा सदस्य ज्यूहरु ,**
**पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१ गाउँपालिकाभित्र संचालित पूर्वाधार विकाससँग सम्बन्धित योजनाहरु छनोट र कार्यन्वयन गर्दा दिगो विकासका लक्ष्य हासिल हुनेगरी संचालन गरिनेछ । दिगो, भरपर्दो तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

२ स्थानीय स्रोत साधनको प्रयोग हुने उत्पादनमुलक र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने योजनाहरु छनोटमा जोड दिइनेछ । प्रभावकारी योजना कार्यान्वयनको लागि उपभोक्ता समितिहरुको क्षमता अभिवृध्दी सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

३ विकास प्रक्रियामा समुदायको प्रत्यक्ष संलग्नता र अपनत्व सिर्जना गरी दिगो विकास प्रक्रियालाई मूर्तता प्रदान गर्न लागत साझेदारी(PCP Model)मा संचालन हुने योजना/कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ । उपभोक्ताहरुले लागत अनुमानको निश्चित प्रतिशतसम्म रकम साझेदारी गर्ने प्रतिवद्दता पेश गरेमा बढी लागत साझेदारी गर्ने समुदायलाई गाउँपालिकाले योजना उपलब्ध गराउनेछ । यसको लागि छुट्टै साझेदारी कोषको स्थापना गरिनेछ ।

४ लाभग्राही समुदाय(उपभोक्ता समिति/टोल विकास समिति) बाट संचालन हुने तर लागत अनुमानमा नगद साझेदारी नभएका योजना कार्यक्रमको कार्यान्वयनमा अनिवार्यरुपमा लागत अनुमानको न्युनतम १५ प्रतिशत सम्म जन श्रमदान हुने व्यवस्था मिलाइनेछ ।

५ गाउँपालिकाभित्र पालिका गौरवको आयोजना तथा वडा भित्र कम्तिमा एक वडा गौरवको आयोजना पहिचान गरी क्रमागत रुपमा वजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ ।

६ लामोघर हुँदै बलमडाँडा बलदेवी थान ठाँटी सडक, अर्चले तार नलाङ ठाँटी सडक, माविखोला काम्राङ कुम्पुर भञ्जयाङ सडक, परेवाटार कुम्पुर भञ्ज्याङ कालीदह सडक, बूङचुङ आरुवास भेडाबारी मैदान सडक,

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल
परशुराम खतिवडा
गा.पा अध्यक्ष

Scanned with CamScanner

परेवाटार आदमटार सडक, जरे आदमटार भाल्डाँडा हुँदै भैसे सडक यसै आ व मा कालोपत्रे गर्ने कार्यको थालनी गरिनेछ।

७ पालिका अन्तर्गतका अन्य ग्रामिण सडकहरुको मर्मत संचार तथा स्तरोनन्ती गरी कालुपाण्डे राजमार्ग र पृथ्वी राजमार्गसँग को पहुँचलाई सहज बनाईनेछ।

८ गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि बजेट व्यवस्थापनको प्रक्रिया थालनी गरिनेछ। नयाँ भवन वन्न बाँकी रहेका १, ४ र ७ नं वडा कार्यालयहरु यसै आ. व. मा निर्माण प्रक्रियाको थालनी गरिनेछ।

९ गाउँपालिका अन्तर्गत निर्मित सार्वजनिक संरचनाहरुको मर्मत सम्भार गर्न मर्मत सम्भार इकाईको स्थापना गर्ने र सोही इकाई मार्फत कार्य सम्पादन गर्ने नीति लिनुका साथै भुक्तानी हुने योजनाहरुको ५ प्रतिशत मर्मत सम्भार कोषमा जम्मा गर्ने र सोही कोषबाट सडक मर्मतको लागि सो रकम प्रयोग गरी दिगो विकासको नीति अख्तियार गरिनेछ।

१० स्थानीय सिपको प्रयोगलाई वढवा दिई रोजगारी अभिवृद्धि गर्न पालिकाभित्र संचालित पूर्वाधार विकाससँग सम्बन्धित योजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रमसँग टाइ-अप गरी संचालन गरिनेछ।

११ समुदायसँगको साझेदारीमा हाम्रो सडक हाम्रै सुरक्षा कार्यक्रम लागु गरिनेछ। गाउँपालिका भित्रका सडकहरुलाई वर्षायाममा समेत संचालन गर्नको लागि प्रधानमन्त्री रोजगार कार्यक्रमसँग सामञ्जस्य गरी सडक हेरालुको व्यवस्था गरिनेछ।

१२ स्थानिय स्रोतसाधन प्रयोगलाई प्राथमिकता राखि बिकास निर्माण कार्यलाई अगाडि बढाइनेछ।

**आदरणीय सभा सदस्य ज्यूहरु ,**

**खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा कार्यक्रमहरु**

१. गाउँपालिकाबाट टोल विकास संस्थाको क्षेत्रभित्र **"आफ्नो घर र टोल आफैं सफा राखौं, सफा टोल सफा गाउँ, ग्रीन सिद्धलेक क्लिन सिद्धलेक"** अभियान सञ्चालन गरिनेछ।

२. एक घर एक धाराको राष्ट्रिय अभियानलाई सार्थक वनाईनेछ। खानेपानीको दिगो स्रोतको खोजी गरी व्यवस्थित आयोजना संचालन गरिनेछ।

३. सिद्धलेक बृहत खानेपानी योजना र कुम्पुर भञ्ज्याङ खानेपानी योजनाको कार्य यसै आ व बाट थालनी गरिनेछ। साथै आदमटार पिपलटार बृहत खानेपानी योजनालाई निरन्तरता दिईनेछ।

४. डिप बोरिङको मर्मत सम्भार साथसाथै खानेपानी अभाव भएको ठाउँमा लिफ्ट खानेपानी निर्माणमा जोड दिईनेछ।

सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङचुङ, धादिङ बागमती प्रदेश, नेपाल
परशुराम खतिवडा गा.पा. अध्यक्ष
Scanned with CamScanner

परशुराम खतिवडा
गा.पा अध्यक्ष

५. गाउँपालिकाभित्र अव्यवस्थित फोहोरमैलालाई व्यवस्थित गर्न डम्पिङ साईटको खोजी गरी निर्माण कार्य अगाडि बढाईनेछ। एक वडा एक डम्पिङ साईटको नीति कार्यान्वयन गरिनेछ।

६. सिद्धलेक गाउँपालिका भित्र रहेका पानीका मुहान संरक्षण तथा चुहान ब्यवस्थापन गरिनेछ । साथै ऐतिहासिक पधेंरो र धाराहरुको संरक्षणमा विषेश ध्यान दिइने छ।

७. सिद्धलेक गाउँपालिका वडा नं ७ मा आदमटार पिपलटार वृहत खानेपानी योजनाको सम्पन्न हुन बाँकी रहेको कार्यलाई प्राथमिकतामा राखिनेछ।

८. पालिका भित्रको फोहोरमैला व्यवस्थापन गरिनेछ । साथै निलकण्ठ नगरपालिकाबाट सिद्धलेक गाउँपालिकालाई असर पर्ने गरी च्याँङु खोला नजिक फोहोर विसर्जन गरि राखेकोले उक्त ठाँउबाट फोहोर विर्सजन केन्द्र हटाउन पहल गर्ने नीति लिईनेछ।

९. गाउँपालिका हुने गरेका अराजक गतिविधि गर्ने व्यक्तिहरुलाई कानुनी दायरामा ल्याई प्रचलित कानुन बमोजिम कारबाही गर्ने नीति लिईनेछ।

**आदरणीय सभा सदस्य ज्यूहरु ,**

**पर्यटन सम्बन्धी नीति तथा कार्यक्रमहरु**

१. गाउँपालिका अन्तर्गतका वडाहरुमा पर्यटन संभाव्यता अध्ययन गरी एक वडा एक पर्यटन क्षेत्र निर्माण गरिने छ।

२. सिद्धबाबा मन्दिर, ढेवालेक, कुम्पुर टावर, लेकडाँडा, वुडोसिमल, नागरपोखरी, चारधाम, परेवाटार, साततले गुफा सलाङकोट,वलमडाँडा, नलाङकोट, भैंसे होमस्टे र बलदेवि मन्दिर लाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नको लागि पालिका गौरवको योजनामा समावेश गरी ती स्थानहरुको संरक्षण संवर्धन र प्रवर्धन गर्नुका साथै प्रचार प्रसार गरिनेछ।

३. विश्वमै दुर्लभ मानिएको काँडे भ्याकुर हाम्रै सिद्धलेक गाउँपालिकाको ढेवालेक सामुदायिक बनक्षेत्रमा पाईने भएकोले सो को संरक्षणको लागि विषेश पहल गरिने र उक्त क्षेत्रलाई वन पर्यटनको रुपमा विस्तार गरिनेछ।

४. सिद्धलेक गाउँपालिकाको पर्यटन प्रबर्धन गर्नको लागि ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको नक्शा बनाईनेछ।

**आदरणीय सभा सदस्य ज्यूहरु ,**

**सिँचाईतर्फको नीति तथा कार्यक्रम**

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

परशुराम खतिवडा
गा.पा अध्यक्ष

Scanned with CamScanner

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुडथुड, धादिङ
बागमती प्रदेश, नेपाल

परशुराम खतिवडा
गा.पा अध्यक्ष

**"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"**

१. खेतीयोग्य जमिनलाई साना, मझौला र ठूला सिंचाई योजना पहिचान गरी सिंचाई योजनाको प्रक्रिया अगाडी बढाईनेछ। कृषि उत्पादनको पकेट क्षेत्रमा सिंचाईको प्रविधि सहितको व्यवस्था गरिनेछ।

२. लिप्ट सिञ्चाई मार्फत सञ्चालित पिपलटार, आदमटार तथा अमनटार लिफ्ट सिञ्चाई योजनाहरुलाई स्तरोन्नती गरिनेछ। साथै थोपलखोला, च्याङुखोला, त्रिशुली र बुढी गण्डकीबाट उच्च प्रविधि मार्फत पानी लिप्ट गरी सुख्खा टारहरु र सम्भावित कृषियोग्य जमिनमा सिंचाई गर्नको लागि सम्भाव्यता अध्ययन गरिने छ ।

३. साना तथा मझौला सिंचाई कुलोहरुको बाँध निर्माण र स्तरोउन्नती गरी श्रोतको सुनिश्चितता गरिने छ।

**घर नक्सापास सम्बन्धी नीति**

१. नयाँ बन्ने भवनहरूलाई अनिवार्य पालिकाको स्वीकृति लिनुपर्ने व्यवस्था गरिनेछ।

२. घर नक्सा पास गर्दा भवन संहिता मापदण्ड पालनाको अलावा घर निर्माणको समयमा अनिवार्य रुपमा दुई विरुवा रोप्ने नीति लागु गरिनेछ।

**आदरणीय सदस्य ज्यूहरु,**

**कृषि तथा पशु विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु**

१. माटोको पोषणस्तर अनुसार वैज्ञानिक खेती प्रवर्द्धन गर्न स्थानीय तहमा माटो परीक्षण गरी परीक्षण प्रतिवेदनको आधारमा माटो सुधारका लागी कृषि चुन वितरण, बाली छनोट र मल व्यवस्थापन मा सहयोग गर्ने लक्ष्य लिइनेछ।

२. राजमार्ग आसपासका वस्तीहरुमा व्यावसायिक उखु उत्पादन गरी कृषकहरुको आय आर्जन बृद्धि गरि गरिनेछ र स्थानीय बजारसँग जोडिनेछ।

३. रासायनिक विषादीको प्रयोगलाई निरुत्साहित गर्न वनस्पतिक तथा घरेलु बिषादी उत्पादनमा जोड दिईनेछ।

४. हाम्रो उत्पादन, हाम्रो स्वाभिमान अभियानलाई आत्मसात गर्दै व्यावसायिक तालिम, उन्नत बीउ विजनमा सहयोगका कार्यक्रम अघि बढाइनेछ।

५. पालिकाभित्रको उपयुक्त स्थानहरुमा फलफुल, तरकारी र खर्बुजा/तर्बुजा फलफुलको खेती विस्तार गरिनेछ।

६. वेमौसमी तरकारी खेति प्रवर्द्धनका कार्यक्रम मार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गर्दै लगिनेछ।

७. पालिका भित्रका मल वितरक संस्थाहरुलाई थप क्रियाशील बनाउदै आधुनिक प्राविधि सँग जोड्दै लगिनेछ।

८. विभिन्न वस्तीहरुमा बाली संरक्षणमा घरेलु र स्थानीय प्रविधी र प्रयोग सम्बन्धी, माटोको नमुना सङ्कलन, आधुनिक प्रविधि, उन्नत खेती, माटो उपचार आदि बारे कृषकस्तरमा तालीम एवम् जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

परशुराम खतिवडा
गा.पा अध्यक्ष

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

Scanned with CamScanner

"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"

९. पालिकालाई मौरी पालनको हबको रुपमा विकास गर्दै मौरीको स्रोत केन्द्रको रुपमा विस्तार गरिनेछ।

१०. बालीनालीमा आकास्मिक रुपमा देखा पर्ने समस्याहरूको लागि आकस्मिक बाली संरक्षण सेवा विस्तार गरिनेछ।

११. कीट नियन्त्रण, रोग व्यवस्थापन तथा वनस्पति संरक्षणका लागि प्राविधिक सेवा र आवश्यक जैविक/रासायनिक सामग्री सहज ढंगले उपलब्ध गराइनेछ।

१२. फरक क्षमता/ अपांगता भएकाहरुलाई कृषि कार्यक्रममा जोड्ने नीति लिई कृषकको दैनिकीमा सघाउ पुर्याउने किसिमका कृषि औजार/उपकरणमा सहयोग पुर्याईनेछ।

१३. रैथाने बाली प्रवर्द्धन गरी प्राङ्गारिक कृषि उत्पादनमा जोड दिइनेछ।

१४. बस्तिहरुमा सिंचाईको पूर्वाधार विकास गरी स्थानीय र वेमौसमी उत्पादनमा जोड दिईनेछ।

१५. कृषि बजार पूर्वाधार निर्माण गरी पालिका भित्र उत्पादित कृषि उपजको ढुवानीको लागि पहल कदमी लिइनेछ।

१६. कृषि तथा पशुपन्छी सेवाका लागि वडा स्तरमै कर्मचारी खटाई किसानको घरदैलोमा गई सेवा दिईनेछ।

१७. पालिकाको कृषि तथा पशु शाखा बाट सञ्चालन हुने कार्यक्रम र खाद्य तथा पोषण सुधार आयोजना कल्स्टर ईकाई बाट सञ्चालन हुने कार्यक्रमहरु नदोहोरिने तथा समन्वय गरि सञ्चालन गरिनेछ।

**पशुपन्छी विकासतर्फ**

उपस्थित महानुभावहरु,

१. निर्वाहमुखी पशुपालनलाई व्यवसायिक बनाउन आधुनिक प्रविधीको प्रयोग तथा पशुको नश्ल सुधार गर्दै व्यवसायिक रुपमा पशुपन्छी तथा मत्स्य फर्म सञ्चालन गर्ने प्रवन्ध मिलाइनेछ।

२. पशुपन्छीको औषधी उपचारलाई प्रभावकारी बनाउन किसानको गोठमै निशुल्क प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनुका साथै पशु बाझोपन तथा स्वास्थ्य शिविर संचालन गरिनेछ।

३. कृत्रिम गर्भाधान सेवा विस्तार गरि गाई र भैसीको नश्ल सुधारका साथै दुध उत्पादनमा बृद्धि गरि किसानको आयआर्जनमा सुधार गरिनेछ।

४. भेटेरनरी ल्यावको स्तरोन्नती तथा नमुना संकलन सम्प्रेषण कार्यलाई प्रभावकारी बनाउदै पशुपन्छीमा लाग्ने रोगहरुको पहिचान तथा परीक्षणको दायरा विस्तार गरी समयमै औषधी उपचारको व्यवस्था गरिनेछ।

परशुराम खतिवडा
गा.पा अध्यक्ष

"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"

५. पशु सेवा शाखाको डिस्पेन्सरीको भवन व्यवस्थापन गरी पशुको मेजर तथा माइनर सर्जरी सेवा विस्तार गर्न सिद्धलेक भेटेरिनरी अस्पताल स्थापना गरिनेछ।

६. सामुदायीक कुकुरको संख्या नियन्त्रण गर्दै रेवीज रोगको उन्मुलनका लागी कुकुरको स्थायी बन्ध्याकरण तथा खोप कार्यक्रम संचालन गरिनेछ।

७. कृषि तथा पशुपालन क्षेत्रलाई आयमुलक व्यवसाय बनाई कृषकहरुलाई आत्मनिर्भर बनाईनेछ। कृषि पेशालाई मर्यादित पेशा तथा उत्पादनशिल व्यवसायको रुपमा विकास गर्न आधुनिक कृषि प्रविधिको प्रयोग, उन्नत विउविजन, समयमै मलखादको व्यवस्था, पशुपन्छी तथा वाली बीमाको क्षेत्र विस्तार, प्राङ्गारिक खेतिको प्रवर्द्धन, पशु प्रजनन्मा उन्नत जातको नश्ल सुधारको प्रयोग, खोप कार्यक्रम, कृत्रिम गर्भाधानमा कृषकको पहुँच बृद्धि, गर्ने नीति लिईनेछ।

८. कृषि प्रणालीलाई व्यवसायीक बनाउन उन्तत जातको बीउहरुको प्रयोगको साथै व्यावसायीक फलफुल, तरकारी खेतीको प्रवर्द्धन साथै पशुपालन क्षेत्रमा गाईभैंसी तथा बाख्रा, बंगुर र पन्छीपालन लागत साझेदारीमा गरिने नीति लिईनेछ।

९. कृषि तथा पशुपालन क्षेत्रमा विवरणमूखि कार्यक्रमलाई निरुत्साहित गर्दै परिणाममूखी वनाउनको लागि लागत साझेदारी युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**सहकारी तथा घरेलु विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु**

१. सहकारीको क्षमता अभिवृद्धि गरी संस्थागत विकास मार्फत कृषि लगानी मैत्री वातावरण सृजना गर्न जोड दिइनेछ। सहकारीको नियमन र व्यवस्थापनलाई चुस्त दुरुस्त वनाउन कोपोमिस (COPOMIS) तालिम संचालन गरिनेछ। सहकारी गठन तथा एकिकरणमा विशेष जोड दिइनेछ।

२. पालिकाभित्र संभावित नयाँ उद्योग स्थापना तथा घरेलु उद्योगहरुको माध्यमबाट उद्यमीहरुको क्षमता विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ। गरिवी निवारणको लागि लघु उद्म विकास कार्यक्रम संचालन गरिनेछ। उद्यमीहरुको जिविकोपार्जनलाई दिगोरुपमा विकास गरिनेछ। प्रविधि हस्तान्तरण कार्यक्रम मार्फत उद्मीहरुलाई प्रोत्साहन गरिने छ।

परशुराम खतिवडा
गा.पा अध्यक्ष

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुड्चुड, धादिङ
बागमती प्रदेश, नेपाल

"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"

परशुराम खतिवडा
गा.पा अध्यक्ष

**आदरणीय सभा सदस्य ज्यूहरु,**

रोजगार सेवा केन्द्र (राष्ट्रिय रोजगार कार्यक्रम)

१. राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई प्राथमिकताक्रमका आधारमा श्रममूलक आयोजनाहरुमा समावेश गराई न्यूनतम रोजगारी प्रदान गरिनेछ।

२. आन्तरिक रोजगारी प्रवर्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता प्रवर्धन कार्यक्रम संचालन गरिने,आय आर्जन, रोजगारी, राष्ट्रिय उत्पादन अभिवृद्धि गरी गरिबी न्यूनीकरण रोजगार रणनीति अवलम्बनमा ल्याइनेछ।

३. आन्तरिक रोजगार प्रवर्द्धन र श्रम तथा श्रमिकको मर्यादा अभिवृद्धि गर्न श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संचालन गरिनेछ र राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरुमा संलग्न श्रमिकहरुलाई कार्यस्थल सुरक्षा सामाग्री र हाते औजार उपलब्ध गराईनेछ।

४. रोजगार सेवा केन्द्र मार्फत रोजगारमूलक सेवा, परामर्श तथा स्थानन्तरण सेवा प्रदान गरी सुरक्षित आप्रवासन कार्यक्रम साझेदारीमा संचालनमा ल्याईनेछ।

५. वैदेशिक रोजगारीमा गएका कामदार तथा तिनका परिवारलाई वैदेशिक रोजगार बोर्ड सचिवालयबाट उपलब्ध गराउने सेवा/सुविधाहरु उपलब्ध गराउन सहजिकरण गरिनेछ।

**रोजगार प्रवर्दन कार्यक्रम सामी**

१. वैदेशिक रोजगारीलाइ विप्रेशणको भरपर्दो माध्यमको रुपमा सम्मान गर्दै स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालनमा जोड दिनुका साथै बाध्यात्मक अवस्थामा बैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवारका सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता कक्षा र रिटर्नी स्वयंसेवक परिचालन तथा बैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ। यी कार्यहरू संचालन गर्नको लागि संघ र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ।

**लघु उद्यम विकास निति**

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुड्चुड, धादिङ
बागमती प्रदेश, नेपाल

परशुराम खतिवडा
गा.पा अध्यक्ष

Scanned with CamScanner

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुड्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

परशुराम खतिवडा
गा.पा अध्यक्ष

"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"

१. लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ उद्यमी श्रृजना गर्ने कार्यक्रममा सहयोग गर्ने लक्ष्य लिईनेछ ।
२. उद्यमशिलता विकासको माध्यमबाट स्थानिय स्तरमा पाईने स्थानिय स्रोतहरुबाट कार्यक्रमको लागि आवश्यकता अनुसार सिप विकास तालिम कार्यक्रममा सहयोग गर्ने लक्ष्य लिइनेछ ।
३. सिप सिकेका लघु उद्यमीहरुलाई प्रविधिमा सहयोग गर्दै उत्पादित सामाग्री/ बस्तुहरुको बिक्री वितरण बढाउन बजार तथा बजारीकरणमा जोड दिइने छ ।

**शिक्षा सम्बन्धी नीतिहरु**

१. शैक्षिक गुणस्तर सुधार विद्यालय समायोजन र आवश्यकता अनुसार कक्षा थप घट साथै शिक्षक दरवन्दी मिलानको सम्भाव्यता अध्ययनको लागि सिध्दलेक गाउँपालिकाको शिक्षा समितिले गरेको निर्णय र सिध्दलेक गाउँकार्यालपकाको बैठकको निर्णय बमोजिम शैक्षिक अध्ययन कार्यदल २०८१ गठन गरिएको यहाँहरुलाई जानकारी गराउन चाहान्छु । उक्त कार्यदलले तयार पारेको प्रतिवेदनको यथार्थ विवरण विध्यार्थी संख्या भूगोल र शिक्षक विध्यार्थी अनुपातको आधारमा दरवन्दी मिलान र आवश्यकताको आधारमा विद्यालय समायोजन तथा कक्षा थपाघट कार्यक्रमलाई अघि बढाइनेछ । यस कार्यले साधन स्रोतको छरपस्ट वितरणलाई न्यूनीकरण गरी विद्यालय शिक्षाको गुणात्मक सुधारमा सहयोग पुर्याउने मैले विश्वास लिएको छु ।
२. विद्यार्थी संख्या र भूगोलको आधारमा गरिने दरवन्दी मिलान, विद्यालय समायोजन कार्यलाई निरन्तरता दिइनेछ । आवश्यकताको आधारमा विद्यालय समायोजन तथा कक्षा थपघट लाई अघि बढाइनेछ ।
३. विद्यालयमा शिक्षक दरवन्दी मिलान तथा सरुवा प्रणालीलाई थप व्यवस्थित गरी **जहाँ विद्यार्थी त्यहाँ शिक्षक** नीति लागू गरिनेछ । सामुदायिक विद्यालयसँग साझेदारी गरी विद्यालय बस संचालनको अवधारणा साकार पारिनेछ ।
४. शैक्षिक सुधारका लागि बहु पाठ्यपुस्तक, अंग्रेजी माध्यमबाट शिक्षण गर्नका लागि विद्यालयलाई प्रोत्साहीत गरिने छ । शिक्षकहरुलाई कार्यसम्पादनको आधारमा पुरस्कृत र दण्डित गरिनेछ । आधारभूत तह कक्षा १–५ तथा कक्षा ६–८ मा स्थानीय पाठ्यक्रम लागु गरिनेछ । सामुदायिक विद्यालयको कक्षा ११ र १२ को निःशुल्क शिक्षालाई निरन्तरता दिइनेछ।
५. सामुदायिक विद्यालहरुमा विद्यार्थीहरुको आकर्षण गर्नको लागि आधारभूत तह कक्षा १–५ मा अध्ययरनरत विद्यार्थी हरुको लागि आवश्यक विद्यालय पोषाक तथा झोला निशुल्क उपलब्ध गराईनेछ।
६. विद्यालयको सुशासन र व्यवस्थापनलाई पारदर्शिता र जवाफदेहिता अभिवृद्दिका लागि विद्यालयमा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई र अन्तिम लेखापरिक्षणलाई वास्तविकतामा आधारित वनाईनेछ ।
७. हरेक सामुदायिक विद्यालयहरुको लागि मुल्याङ्कन फारमको व्यवस्था गरिने छ र निश्चित सूचकहरुको आधारमा विद्यालयहरुको स्तर निर्धारण गरिने छ । कमजोर स्तर भएका विद्यालयहरुको स्तर सुधारको लागि सुधारात्मक उपायहरुको अवलम्वन गरिने छ ।

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुड्चुङ, धादिङ
नेपाल

परशुराम खतिवडा
गा.पा अध्यक्ष

Scanned with CamScanner

Scanned with CamScanner

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुड्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

परशुराम खतिवडा
गा.पा अध्यक्ष

**"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"**

८. विद्यालय शिक्षालाई प्रविधिमैत्रि बनाउन आई.सि.टि. पूर्वाधारको स्थापना तथा रमाइलो कक्षा गुणस्तरीय शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि शिक्षकहरुको क्षमता विकास तालिम दिइनुका साथै ल्यापटप खरिदमा यसवर्ष ३० जना शिक्षकहरुलाई ४० प्रतिशत अनुदानको व्यवस्था गरिनेछ । सामुदायिक विद्यालयहरुको शिक्षण पद्धति र विद्यार्थी मुल्याङ्कन विधिलाई प्रभावकारी बनाई सिकाई उपलब्धिमा गुणात्मक बृद्धिका लागि विशेष पहल गरिने छ।

९. कम्तिमा पनि एक विद्यालय एक ICT रुमको व्यवस्था गरिनेछ।

१०.वालविकास कक्षालाई थप व्यवस्थित गरी आवश्यकता र औचित्यताको आधारमा दरवन्दी मिलान गरिने छ ।

११.युवाहरुलाई खेलकुदमा आकर्षित गर्नका लागि आवश्यक पूर्वाधारको निर्माण तथा खेलकुद प्रतियोगिता संचालन /प्रोत्साहन गरिनेछ ।

१२.छात्राहरुको स्वास्थ्य सरसफाईलाई ध्यानमा राखि कक्षा ६-१२ मा अध्ययनरत छात्राहरुलाई स्यानिटरी प्याडको व्यवस्था मिलाइने छ।

१३.न्यूनतम पारिश्रमिक पनि नपाउने वालविकास केन्द्रका शिक्षक, विद्यालय कर्मचारी तथा विद्यालय सहयोगीको लागि यस अघि थपिएको मासिक पारिश्रमिकलाई निरन्तरता दिइनेछ।

१४. ECD पाठ्यपुस्तक व्यवस्थापनका लागी अनुदानको व्यवस्था गर्ने।

१५.महाकली मा वि का लागि प्रदेश सँग को साझेदारीमा बस खरिद गरिनेछ।

१६.विद्यालय तहमा अध्ययनर विद्यार्थीहरुका विच अध्यक्ष गाउँपालिका स्तरीय अन्तर विद्यालय अतिरिक्त कार्यक्रम सञ्चालन गरिने छ।

१७. प्रारम्भिक बालविकास कक्षाकोठा व्यवस्थापन, खेल सामाग्री, सिकाई सामाग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामाग्री सहितको आकर्षक तथा मनोरञ्जनात्मक शैक्षिक सामग्री व्यवस्थापन साथै स्थानिय स्तरबाट नै खेलकुदको विकाश र विस्तार गरिनेछ।

१८. बाबु आमा बिहिन तथा बाबु वा आमा बिहिन (टुहुरा) र अति विपन्न वालवालिकाहरुको पढाइ सहजीकरण कार्यक्रम सञ्चालन गरिने।

१९. कक्षा कोठामा ICT को प्रयोगलाइ बढाउदै लैजाने अभिप्रायले साझेदारीमा सामुदायिक विद्यालयका शिक्षकहरुलाई ल्यापटप खरिद कार्यक्रम सञ्चालन गरिनेछ।

२०. सामुदायिक विद्यालयमा अध्यापनरत महिला शिक्षक प्रसुति बिदामा रहेका अवस्थामा महिला शिक्षकहका लागि सट्टा शिक्षक व्यवस्थापनका लागि बजेट व्यवस्था गरिनेछ।

२१. वालमैत्री स्थानिय शासन कार्यक्रम सञ्चालन तथा कक्षा १-५ निशुल्क गरिनेछ।

२२.सिद्धलेक गाउँपालिकामा अध्ययनरत विद्याथीहरुको अभिभावकहरुसँग गा. पा. अध्यक्ष टोलटोलमा गई अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ।

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुड्चुङ, धादिङ

परशुराम खतिवडा
गा.पा अध्यक्ष

"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"

२३.गा. पा. अध्यक्षसँग दलित र सिमान्तकृत समुदायका बालबालिकाको लागि शैक्षिक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

२४. खेलकुद व्यवस्थापन कोषको व्यवस्था गरि प्रशिक्षक राखी खेलकुदलाई थप मजबुत बनाउने नीति लिई कार्यान्वयन गरिनेछ ।

**स्वास्थ्य तथा पोषण सम्बन्धी नीतिहरु**

१. जनस्वास्थ्यमा लगानी वढाउनको लागि स्वास्थ्य क्षेत्रको वजेटलाई क्रमश बृद्धि गर्दै स्थानीय स्वास्थ्य प्रोफाईल निर्माण गरि **"सबै नीतिमा स्वास्थ्य (Health in All Policies)"** भन्ने मान्यतालाई अगाडि वढाउदै स्वास्थ्य लक्ष्य निर्धारण गरि योजना, वजेट र कार्यक्रम तर्जुमा गरि आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ, कम खर्चिलो तथा गुणस्तरीय एवं भरपर्दो बनाउने नीति लिइनेछ ।

२. स्थानीय स्वास्थ्य प्रणालीको विकास र सवलीकरणका लागि आधारभूत स्वास्थ्य सेवा, आयूर्वेद र वैकल्पिक चिकित्सा, मनोसामाजिक तथा निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, प्रशामक र पूर्नस्थापनात्मक सेवालाई एकिकृत रुपमा संचालन गरिनेछ ।

३. महिला सामूदायिक स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास गरी सवै नागरिकहरुलाई स्वास्थ्य वीमा कार्यक्रममा समावेश गराउनको लागि महिला सामूदायिक स्वास्थ्य स्वयंसेविकाहरु, अति विपन्न, दलित तथा एकल महिला, एकल पुरुष, सहारा विहिन, अति अशक्त र अपांगता भएका व्यक्तिलाई निःशुल्क वीमा गर्ने व्यवस्था गरि आगामी ५ वर्ष भित्र पूर्ण स्वास्थ्य वीमित गाउँपालिका बनाईनेछ ।

४. वढ्दै गएको नसर्ने रोगहरु तथा मानसिक रोगहरुको प्रभाव न्यूनीकरणका लागि स्वास्थ्य सचेतना, स्क्रिनिङ, निदान, उपचार तथा व्यवस्थापनको सहज पहुँच बनाई विशेष राहत कोष स्थापना गरी आवश्यक सहयोग तथा व्यवस्थापनमा जोड दिईनेछ ।

५. विद्यालयमा संचालनमा रहेको दिवा खाजालाई पोषणमैत्री बनाई अस्वस्थकर खाना निषेध अभियान अन्तर्गत जंक फुड निषेधका लागि ।स्वास्थ्य शाखा र शिक्षा, यूवा तथा खेलकुद शाखासँग समन्वयमा एकिकृत स्वास्थ्य शिक्षा तथा पोषण साथै विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यक्रम संचालन गरिनेछ ।

६. गाउँपालिकामा निर्माणाधिन १५ शैयाँको अस्पताल निर्माण कार्यलाई तोकिएको समय सिमा भित्र सम्पन्न गर्नका लागि निरन्तर अनुगमन गरिनेछ । अन्य स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकासमा विशेष जोड दिइ सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी वनाइनेछ । स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड समिक्षा गरि सो को क्रममा पाईएका दुरी पहिचान गरि समाधानका लागि अनुदान तथा अन्य सहायता प्रदान गरिनेछ ।

७. पूर्ण खोप सुनिश्चितता र दीगोपनाको कार्यलाई निरन्तरता दिइ सवै वालवालिकाहरुलाई तोकिएको समय सीमाभित्र पूर्ण बनाउन घरधुरी सर्वेक्षणलाई प्रभावकारी वनाई गुणस्तरीय खोप सेवा संचालनमा जोड दिइनेछ।

८. कडा रोग लागेका भनी आधिकारीक चिकित्सकवाट प्रमाणित भएका विरामी मृगौला रोग, मुटु रोग, क्यान्सर, स्पाइनल कर्ड इन्जुरी भइ पारालाइसिस भएका साथै कडा मानसिक रोग भएका विरामीहरुको लागि उपचार सहयोगलाइ थप व्यवस्थित गरी स्वास्थ्य विमा कार्यक्रमसँग समायोजन गरि थप प्रभावकारी बनाइनेछ ।

Scanned with CamScanner

"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"

९. प्रजनन् रुग्णता भएका महिलाहरुलाई विशेष उपचार तथा स्याहारको व्यवस्था मिलाईनेछ। पाठेघर खस्ने तथा अब्सट्रेटिक फिस्टुला भएकाहरुलाई निःशुल्क उपचार तथा सामाजिक पूर्नस्थापनाको व्यवस्था मिलाइनेछ। पाठेघरको मुखको क्यान्सर पत्ता लगाउनको लागि सवै स्वास्थ्य संस्थाहरुमा भि.आई.ए. जाँचको व्यवस्था मिलाईनेछ।

१०. **"स्वस्थ नागरिकः घरमै स्वास्थ्य सेवा"** कार्यक्रम अन्तर्गत अध्यक्ष ज्यूसंग ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम, गर्भवती महिला, दीर्घरोग भएका, अपांगता भएका र स्वास्थ्य संस्थाको पहुँचमा पुग्न नसकेका व्यक्तिलाई नियमित परीक्षण, परामर्श, र उपचार सहित घरमै औषधी सहित स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता गरिनेछ।

११. गर्भवती तथा सुत्केरीहरुलाई निःशुल्क एम्वुलेन्स सेवा, निःशुल्क प्रयोगशाला परिक्षण सहित उपाध्यक्षसंग सुत्केरी पोषण कार्यक्रम निरन्तरता दिईनेछ।

१२. मनोसामाजिक सहायता, योग अभ्यास र सकारात्मक जीवनशैली सम्बन्धी परामर्श कक्ष स्थापना तथा संचालन गरि मनोसामाजिक स्वास्थ्य सेवालाई विस्तार गरिनेछ।

१३. गाउँपालिकामा संचालनमा रहेको एक विद्यालय एक नर्स कार्यक्रम प्रभावकारी भएकोले सो को समयानुकुल सुधार साथै सवै माध्यमिक विद्यालयहरुमा विस्तारको लागि आवश्यक पहल, समन्वय र सहकार्य गरि थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१४. गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाले विरामीहरुलाई थप उपचारको लागि रिफर गर्दा विरामीहरुको सहजताको लागि थप उपचार हुने स्वास्थ्य संस्थासँग समन्वय गरी पठाउने व्यवस्था मिलाईनेछ।

१५. नमुना आमा सुरक्षा कार्यक्रम, पोषणमैत्री स्थानीय तह निर्माण तथा सफा र स्वच्छ गाउँ घोषणा कार्यक्रमलाई विशेष महत्व दिइनेछ।

१६. समुदायलाई स्वास्थ्य सेवाको पहुचमा वृद्धि गर्न वडा नं १,२,४,५ र ६ लाई पायक पर्ने गरि वडा नं ६ को फिसटारको सामुदायिक भवनवाट वर्थिङ सेवा सहितको सेवा केन्द्र संञ्चालनमा ल्याईने छ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**महिला बालबालिका तथा जेष्ठ नागरिक नीति**

१. गाउँपालिका भित्र बसोबास गरिरहेका एकल पुरुषहरुको तथ्याङ्क संकलन गरी एकल पूरुष भत्ताको वितरण गर्न प्रक्रया अगाडी बढाइनेछ।

२. जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई वडा स्तरमा शिविर संचालन गरी अनलाइन प्रणालीबाट परिचय पत्र वितरण गरिनेछ।

३. लैङ्गीक हिसांमा रहेका व्यक्तिहरुको लागि गाउँपालिका स्तरीय लैङ्गीक हिसां राहत कोषको स्थापना गरिने छ।

Scanned with CamScanner

४. आर्थिक, सामाजिक तथा भौगोलिक रुपमा पछाडी परेका लक्षित वर्ग/समुदायको पहिचान गरी लक्षित वर्ग उन्मुख सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ । दिगो विकासमा योगदान पुर्याउनको लागि गाउँपालिकाको हरेक गतिविधिमा समावेश गरी मुल प्रवाहीकरणमा जोड दिइनेछ ।

५. "आय आर्जनमा महिला, उद्यमशिलतामा पहिला" नारका साथ प्रत्येक टोलमा महिला समूह/आमा समूह/कृषक समूहहरुको क्षमता विकास गरी सीपमूलक कार्यमा प्रोत्साहन गरिनेछ ।

६. बालबालिका तथा किशोर/किशोरी माथि हुने दुर्व्यवहार, हिंसा र भेदभावको अन्त्यका लागि सम्बन्धित निकाय तथा क्रियाशिल संघ संस्थासँग सहकार्य गरिनेछ ।

७. हिंसा, दुर्व्यवहार र भेदभावमा परेका, मानसिक तनावमा परेका, अशक्त परिवार विहिन र विपन्न ज्येष्ठ नागरिकहरुको संरक्षणका लागि समुदाय, विद्यालय, निजी क्षेत्र, सञ्चार जगत् र बालअधिकारको क्षेत्रमा क्रियाशिल संस्थाहरुसँग सहकार्य गरिनेछ ।

८. बालमैत्री स्थानीय तह घोषणाको लागि तोकिएको सूचकहरु पूरा गर्ने प्रयास गरिनेछ । सम्पूर्ण वडामा बालमैत्री पूर्वाधार निर्माण गरी बालमैत्री वडा घोषणा गरिनेछ ।

**वन तथा वातावरण सम्बन्धी नीति**

१. सिद्धलेक गाउँपालिका भित्र रहेका सामुदायिक वन उपभोक्ता समितिहरुलाई क्रियाशिल वनाइनेछ । साथै खाली चौर तथा सडक छेउछाउमा वृक्षारोपण गरिनेछ ।

२. विकास योजनालाई वातावरणमैत्री हुने गरी दिगोरुपमा संचालन गरिनेछ । वन्यजन्तुका कारण किसानलाई पर्न गएको असरलाई न्यूनीकरण र रोकथाम गर्न कार्यक्रम संचालन गरिनेछ ।

३. वढ्दो शहरीकरणलाई मध्यनजर गर्दै मानव निर्मित फोहोर व्यवस्थापन, वातावरणीय सुधार तथा सरसफाई सम्बन्धी टोल सुधार समितिहरु गठन गरी एक वडा एक डम्पिङ साईट निर्माण प्रक्रिया अगाडी बढाईनेछ ।

४. सार्वजनिक जग्गा अतिक्रमण गरी अवैध रुपमा स्थापित घर/टहरा, होटल, रिसोर्ट हटाई सिंगो पालिका विकासका लागि लागिनेछ ।

**विपद् व्यवस्थापन सम्बन्धी नीति**

१. प्राकृतिक विपदको पुर्वतयारीको लागि विपद् व्यवस्थापन कोष तथा आकस्मिक कोषमा आवश्यक रकम जम्मा गरिनेछ ।

२. सिद्धलेक गाउँपालिकालाई विपद् उत्थानशील र विपद् सुरक्षित नगरका रुपमा विकास गरिनेछ । साथै पालिकाबाट संचालन हुने योजनाहरुलाई विपद उत्थानशील विकासको अवधारणा अनुसार कार्यान्वयन गरिनेछ ।

३. वडास्तरमा गठित विपद् व्यवस्थापन समिति तथा स्वयंसेवक परिचालनलाई प्रभावकारी गराईनेछ ।

परशुराम खतिवडा
गा.पा अध्यक्ष

Scanned with CamScanner

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

परसुराम खतिवडा
गा.पा अध्यक्ष

**"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"**

४. सामुदायिक बनहरुलाई डढेलोबाट बचाउनको निम्ति सामुदायिक वन उपभोक्ता समितिहरुलाई क्रियाशिल बनाईनेछ।

**आदरणीय सभा सदस्यज्यूहरु**

**संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धी नीतिहरु**

**सुशासन प्रवर्धन र सार्वजनिक व्यवस्थापन**

१. गाउँपालिकाबाट प्रदान गरिने सेवालाई सरल, सहज, प्रभावकारी र गुणस्तरीय बनाउन कार्यविवरणलाई थप स्पष्ट पारिनेछ। कार्यविवरण अनुरुप प्रत्येक जनप्रतिनिधि र कर्मचारीलाई आफ्नो जिम्मेवारीप्रति उत्तरदायी वनाईनेछ। कर्मचारीमा रहेको ज्ञान, सीप, योग्यता र दक्षताको व्यवस्थापन गर्दै कर्मचारीहरुसँग कार्यसम्पादन करार गरी नतिजाका आधारमा सकारात्मक र नकारात्मक उत्प्रेरणा दिइनेछ।

२. गाउँपालिकाबाट प्रदान गरिने सेवालाई एकद्वार प्रणालिबाट प्रवाह गरिने व्यवस्था मिलाइनेछ। सेवा प्रवाहको सन्दर्भमा प्राप्त उजुरी/गुनासाहरुको प्रभावकारी ढङ्गले सम्वोधन गर्न नियमित रुपमा सार्वजनिक सुनुवाई गरिनेछ । प्राप्त सुझाव कार्यान्वयनमा जोड दिइनेछ ।सुझाव/उजुरी/गुनासो संकलनको लागि गाउँ कार्यपालिकाको कार्यालयमा पैसा नलाग्ने कल सेन्टरको स्थापना गरिनेछ। चौविसै घण्टा नागरिक सहायता केन्द्र संचालनमा ल्याईनेछ।

३. **"जनतासँग अध्यक्ष रेडियो कार्यक्रम"** निरन्तरता दिई जनताका गुनासाहरु सुन्ने पद्दती विकास गरिनेछ।

४. पालिकाभित्रका वडाबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन र सेवाग्राहीलाई छिटो छरितो सेवा प्रदान गर्ने उद्देश्यले सम्पूर्ण वडाहरुको सवलीकरण गरी एकिकृत सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ। गाउँपालिकाका सबै वडा कार्यालय, सामुदायिक विद्यालय र सहकारीहरुमा समेत सूचना अधिकारी तोक्न लगाई सूचनाको हक कार्यान्वयनलाई थप प्रभावकारी वनाईनेछ। साथै पालिका तथा वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ।

५. जन प्रतिनिधि/कर्मचारीहरुको क्षमता तथा दक्षता अभिवृद्दिको लागि क्षमता विकासको योजना वनाई लागु गरिनेछ। अभिमुखीकरण, तालिम,क्षमता विकास योजना बनाई अध्ययन, भ्रमण आदिबाट कर्मचारीको ज्ञान, सीप र क्षमताको बढोत्तरी गर्दै अन्य पालिकाको समेत सफल अभ्यास र अनुभवको आदानप्रदानबाट सिक्ने सिकाउने परिपाटीको विकास गरिनेछ।

६. गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरी स्व-मुल्याङ्कन नतिजामा सुधार गर्दै लगिनेछ।

७. गाउँपालिकाले प्रदान गर्ने सार्वजनिक सेवाको गुणस्तर कायम गर्दै सेवाग्राही सन्तुष्टी सर्वेक्षण साथै सार्वजनिक सुनुवाई गरी पृष्ठपोषण लिने पद्दति अवलम्बन गरिनेछ।

८. आर्थिक प्रशासनका क्रियाकलापहरुलाई नतिजासँग आवद्द गरी प्रभावकारी रुपमा आर्थिक अनुशासन कायम गरिनेछ।

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

परसुराम खतिवडा
गा.पा अध्यक्ष

Scanned with CamScanner

"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"

९. कार्यालयको आन्तरीक कार्यविधिलाई व्यवस्थित गर्न आन्तरीक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका तयार गरी पूर्णरुपमा कार्यान्वयनमा ल्याईनेछ। गाउँपालिकाबाट भएका सम्पूर्ण निर्णयहरु एवं चौमासिक आय-व्यय विवरण वेभ साइटमा प्रकाशन गरिनेछ ।

१०. सिद्धलेक गाउँपालिका भित्र बसोबास गर्ने अति विपन्न घर परिवारलाई सुरक्षित आवास कार्यक्रम सञ्चालनमा ल्याई अति विपन्न व्यक्तिहरुको घर निर्माण गर्ने निर्णय गरियो। साथै उक्त घर निर्माण कार्यक्रम आगामी वर्ष थप गर्दै लाने तथा आवश्यक सहयोग र साझेदारीको लागी संघिय सरकार र प्रदेश सरकारमा समेत अनुरोध गरिनेछ ।

११. सामाजिक सुरक्षाकोष र सिद्धलेक गाउँपालिका विच अनौपचारिक क्षेत्रको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम कार्यन्वयन सम्झौता गरि अति विपन्न मजदुरहरुलाई मजदुर सञ्चीत कोषमा आवद्धता सँगै सुचिकृत गरी कार्यक्रम कार्यन्वयन गर्ने र उक्त कार्यक्रम आगामी वर्ष थप गर्दै उक्त कोषमा आवद्धता गर्दै लाने तथा १५ वर्ष ( दिर्घकालिन ) सम्म निरन्तरता दिने सोको लागी आवश्यक सहयोग र साझेदारीको लागी संघिय सरकार र प्रदेश सरकारमा समेत अनुरोध गरिनेछ।

१२. उज्यालो सिद्धलेक सम्वृद्ध सिद्धलेकका लागि वातावरण मैत्री कार्यक्रम संचालन गरिनेछ।

१३. आगामी आ व मा विभिन्न योजना तथा कार्यक्रमहरुको डि पि आर गरि कार्यक्रम अगाडी बढाउने नीति लिईनेछ ।

१४. सार्वजनिक तथा ओईलानी जग्गाहरुमा बनेका व्यक्तिगत संरचना तथा घर टहरा हटाउने नीति लिईनेछ।

**सूचना प्रविधि तथा सञ्चार नीति**

१. गाउँपालिका र वडा कार्यालयबाट सेवा प्रवाह लागि सञ्चाालनमा ल्याईएको सफटवेयर (नगदी रसिद सम्पत्तिकर, योजना, नागरिकता सिफारिस) Central Computerize Billing मार्फत् कार्यान्वयन गरी सकिएकोले यसलाई निरन्तरता दिन यस गाउँपालिकाको आफ्नै Server सञ्चालन गरिनेछ। साथै आवश्यक सफ्टवेयरहरु संचालानमा ल्याईने छ।

२. गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुमा CCTV जडान गरिनेछ साथै राजमार्ग क्षेत्रमा थप CCTV जडान गरिनेछ। गाउँपालिकाका सम्पूर्ण वडालाई प्रविधिमैत्री वडा बनाईनेछ। यसलाई आवश्यकता अनुसार सुधार र परिस्कृत गरिनेछ।

३. सेवाग्राहीहरुको बाक्लो उपस्थिती हुने कार्यालय तथा सार्वजनिक स्थानहरुमा (गाउँपालिका, वडा कार्यालय, प्रतिक्षालय, स्वास्थ्य चौकी) मा निशुल्क इन्टरनेट सेवाको क्रमशः विस्तार गर्दिदै लैजाने नीति लिईनेछ।

४. गाउँपालिकाको Integrated Central Database System विकास गरिनेछ। यसका लागि यस आ.व.मा Server स्थापना गरिनेछ।

५. सिद्धलेक गाउँपालिका भित्र रहेका विद्यालयहरुका website र App निर्माणलाई निरन्तरता दिईनेछ।

परशुराम खतिवडा
गा.पा अध्यक्ष

Scanned with CamScanner

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुन्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

परशुराम खतिवडा
गा.पा अध्यक्ष

*"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"*

६. सुचना प्रविधिको प्रयोगमा अधिकतम उपयोग गरी आर्थिक, भौतिक, सामाजिक लेखाङ्कनलाई प्रविधियुक्त वनाइने छ।

७. आम नागरिकलाइ सुचनाको प्रत्याभुति गर्न सूचना संचार प्रणलीलाइ व्यवस्थित, न्यायोचित र प्रभावकारी बनाउने नीतिलाई निरन्तरता दिईने छ।

८. सम्पुर्ण वडाहरुमा कम्प्युटर प्रिन्टर सहित गुणस्तरिय इन्टरनेटको व्यवस्थालाई थप परिस्कृत गरी सेवा प्रवाहलाई प्रविधिमैत्री वनाईनेछ। सम्पुर्ण वडामा इ- गभर्नेन्सको अवधारणा अनुरुप कार्य संचालन गर्ने गरी डिजिटल प्रविधिको विकास गर्दै लगिने छ।

**राष्ट्रिय परिचयपत्र, सामाजिक सुरक्षा तथा पञ्जीकरण नीति**

**आदरणीय सभा सदस्य ज्यूहरु ,**

१. जन्मेको ३५ दिन भित्र जन्मदर्ता शत प्रतिशत पुऱ्याउने नीति लिईनेछ।
२. विद्यालयहरुमा व्यक्तिगत घटनादर्ता सम्वन्धी जानकारीमुलक सूचना तथा सन्देश पुऱ्याउन पहल गरिने छ।
३. सम्पुर्ण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको Biometric लिने कार्य सुरु गरिनेछ।
४. वैशाख १ देखि ७ गते सम्म संचालन हुने व्यक्तिगत घटनादर्ता सप्ताह संचालनलाई निरन्तरता दिइने छ।
५. सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखावाट संचालन हुने सम्पुर्ण कार्यलाई अझ चुस्त दुरुस्त वनाईनेछ।

राजस्व व्यवस्थापन सम्बन्धी नीति

**आदरणीय सभा सदस्य ज्यूहरु ,**

१. गाउँपालिका क्षेत्र भित्र रहेका संचालित होटल रिसोर्ट तथा उद्योग व्यवसायहरुलाइ गाउँपालिकामा सूचिकृत गराइ करको दायरामा ल्याइने छ।

२. वजार क्षेत्रमा राखिएका विभिन्न विज्ञापनहरुको होडिङ वोर्डहरुसंग सम्वन्धित विज्ञापन दाताहरुलाइ करको दायरामा ल्याउन पहल गरिने छ।

३. IEE स्वीकृत भइ खानी संचालन अनुमती लिइ सकेका दर्तावाला खानीहरुलाइ आवश्यक ऐन नियम वनाइ करको दायरामा ल्याइने छ।

४. ढुंगा गिट्टी वालुवा जडिवुटी कु-काठ, निजी जग्गावाट निस्कने खानीजन्य पदार्थलाई व्यवस्थित गरी करको दायरामा ल्याइने छ।

५. सडक लगायतका पूर्वाधार निर्माण क्रममा उत्खनन् गर्दा निस्कने ढुंगा ग्राभेल जस्ता खनिजजन्य पदार्थको निकासी लाइ ऐन नियम वनाइ करको दायरामा ल्याइने छ।

६. सिद्धलेक गाउँपालिका भित्र रहेका एवं सिमानामा पर्ने त्रिशुली नदी, थोपलखोला, विजुलीखोला, सुकौराखोला, आदमखोला र वुढिगण्डकी नदीको वगरहरुवाट निस्कने ढुंगा गिट्टी बालुवा दहत्तर बहत्तरको समयमा ठेक्का वन्दोवस्त गरी आन्तरिक राजस्व वृध्दि गर्न पहल गरिने छ।

७. गाउँपालिकामा दर्ता भएका व्यवसायहरुलाइ नविकरण गर्न उत्प्रेरणा जगाउने कार्यक्रम संचालन गर्नुका साथसाथै आर्थिक वर्ष शुरू भएको ३ महिना भित्र नविकरण नभइ पछि नविकरण गर्न आउने व्यवसायलाइ विलम्व शुल्क लगाउने व्यवस्था गरिने छ।

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुन्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

परशुराम खतिवडा
गा.पा अध्यक्ष

Scanned with CamScanner

Scanned with CamScanner

सिद्धलेक गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
बुड्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

परशुराम खतिवडा
गा.पा अध्यक्ष

**"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"**

८. गाउँपालिकावाट वाहिर निकासी हुने काठ, दाउरा, जडीवुटी, कवाडी, तथा  माटोजन्य पदार्थलाइ पनि दहत्तर वहत्तर संगै जोडेर ठेक्का लगाइने छ।

९. महिलाहरुको नाममा दर्ता भएका व्यवसायको दर्ता शुल्क र नविकरण शुल्कमा ५०% छुट दिइने नीतिलाइ निरन्तरता दिइनेछ।

१०. कर संकलनलाइ प्रविधि मैत्री वनाउदै लगिने छ।

११. पालिका स्थान्तरण भएर संचालन गर्न ईच्छुक वा नयाँ दर्ता गरेर संचालन गर्न ईच्छुक क्रसर उद्योगलाई तपशिल बमोजिमको क्रसर उद्योग अध्ययन कार्यदल गठन गर्ने र क्रसर उद्योग संचालन तथा व्यवस्थापन कार्यविधि बनाई कार्यान्वयनमा लैजाने  नीति लिईनेछ।

१२. सिद्धलेक गा. पा. को आन्तरिक आम्दानीको श्रोत बढाउन पालिका अन्तर्गत भित्र साधारण निर्माणमुखी खनिज पदार्थ अन्तर्गत बालुवा प्रशोधन उद्योग पालिका भित्र दर्ता गर्न अथवा अन्य पालिकाबाट स्थान्तरण भएर आउन चाहनेहरुलाई तपशिल बमोजिमको बालुवा प्रशोधन उद्योग अध्ययन कार्यदल गठन गर्ने र ढुङ्गा गिट्टी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन कार्यविधि बनाई कार्यान्वयनमा जाने नीति लिईनेछ। साथै उक्त कार्यको लागि अन्य आवश्यक प्रकृया पुरा गर्न पालिकाले आवश्यक सहजीकरण गर्ने नीति लिईनेछ।

**आन्तरीक व्यवस्थापन तथा खरिद**

१. गाउँपालिकाको जिन्सी व्यवस्थापनलाई प्रविधिमैत्री एवं पूर्ण पारदर्शी वनाई आधुनिकीकरण गरिनेछ।

२. जिन्सी श्रेस्ता प्रणाली तथा यसको उपयोगबारे सम्बन्धित शाखा तथा वडा कार्यालयहरुको क्षमता विकास गरिनेछ।

३. सार्वजनिक खरिदलाई व्यवस्थित गर्न वार्षिक खरिद योजना तयार गरी लागु गरिनेछ।

४. गाउँपालिकाको जनप्रतिनिधि एवं कर्मचारीहरुको कार्यकक्ष र आन्तरीक व्यवस्थापनको पाटोलाई सुव्यवस्थित र सुन्दर वनाउन आन्तरीक व्यवस्थापन मापदण्ड वनाई लागु गरिनेछ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**न्यायिक समिति सम्बन्धी नीति**

१. न्यायिक समितको अधिकार क्षेत्र र यसको कार्यविधिका बारेमा सर्वसाधारणहरुलाई सुसुचित गर्दै न्यायको पहुँच भन्दा बाहिर रहेका वर्गहरुलाइ न्यायको दायरामा ल्याइनेछ।

२. न्यायिक समितिको अधिकारक्षेत्र बाहिरका विवादका सम्बन्धमा न्यायिक सहजिकरण गरी आर्थिक अवस्था कमजोर भएका व्यक्तिलाई निःशुल्क कानूनी उपचारका लागि जिल्ला बार सँग समन्वय गरिनेछ।

३. न्यायिक समितिमा दर्ता भएका विवादहरु मेलमिलापकर्ताको सहभागितामा मेलमिलापको माध्यम बाट निरुपण गरिनेछ।

४. प्रत्येक वडामा गठन भएका मेलमिलापकेन्द्रलाई प्रभावकारी बनाउनुकाका साथै मेलमिलापकर्ता हरुलाई पूनर्ताजगी तालिम सञ्चालन गरी

सिद्धलेक गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
बुड्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

परशुराम खतिवडा
गा.पा अध्यक्ष

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

परशुराम खतिवडा
गा.पा. अध्यक्ष

**"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"**

५. अदालत र सर्वसाधारण जनता विच वर्तमान कानून र अदालती प्रक्रियाको वारेमा जानकारी आदान प्रदान गर्नका लागि **"समुदायसँग अदालत कार्यक्रम"** सञ्चालन गरिनेछ ।

**भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासी सेवा केन्द्र**

१ सिद्धलेक गाउँपालिकाभित्र बसोबास गर्ने सम्पूर्ण भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई राष्ट्रिय भूमी आयोगसँग समन्वय गरी जग्गा धनि प्रमाणपुर्जा वितरण गरिनेछ ।

**आदरणीय सभा सदस्यज्यूहरु**

सम्मानीत सभामा पेश भएको यस नीति तथा कार्यक्रमको कार्यान्वयन पश्चात गाउँपालिकाको आर्थिक, सामाजिक एवं पुर्वाधार विकासको अवस्थामा उल्लेख्य सुधार हुने विश्वास लिएको छु । नीति तथा कार्यक्रमको कार्यान्वयनमा जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, बुद्धिजिवी, उद्योगी/व्यवसायी, आमसञ्चार लगायत सम्पुर्ण आमा-बुवा, दिदी-बहिनी तथा दाजुभाईहरुबाट अपेक्षित सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै सम्पुर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सबैसंग हातेमालो गर्दै अघि वढ्नु हुनेछ भन्ने अपेक्षा गरेको छु ।

**धन्यवाद ।**

परशुराम खतिवडा
अध्यक्ष
सिद्धलेक गाउँपालिका
५ आषाढ २०८२

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

परशुराम खतिवडा
गा.पा. अध्यक्ष

Scanned with CamScanner